# नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/५/०७८/७९ मिति: २०७८/०७/०२

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं. १५/०७७ को बुँदा नं. १ मा देहाय बमोजिम उपबुँदा थप गरी क्रमसंख्या मिलान गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले जुनसुकै प्रकारको निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा अघिल्लो महिना प्रकाशित ब्याजदरमा बढीमा दश प्रतिशतका दरले मात्र परिवर्तन गर्न सक्नेछन्।**

**(२) संस्थागत मुद्दती निक्षेप (बोलकबोलसमेत) मा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दती निक्षेपमा प्रदान गरिने अधिकतम ब्याजदरभन्दा कम्तीमा एक प्रतिशत बिन्दुले कम हुनुपर्नेछ।**

**(३) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले उपबुँदा (१) र (२) बमोजिमको व्यवस्था २०७८ कात्तिक महिनाको लागि प्रकाशित भईसकेको ब्याजदरमा समेत संशोधन गरी मिति २०७८/०७/०३ भित्र आफ्नो वेबसाइट मार्फत सार्वजनिक गरी सोही मितिबाट लागू गर्नु पर्नेछ। यस्तो ब्याजदर मिति २०७८/०७/०५ भित्र दैनिक पत्रिकामासमेत प्रकाशन गर्नुपर्नेछ।**

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।